नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# स्थानीय पूर्वाधार विभाग
(प्रशासन शाखा)
श्रीमहल, पुल्चोक, ललितपुर

प.सं. २०७५/०७६
च.नं. ३८६

मिति:२०७५।०९।२२

**सि.डि.ई./ईन्जिनियर/सव-ईन्जिनियर श्री ....................**
**पूर्वाधार विकास कार्यालय,**
**........................ ।**
**(तत्कालीन प्रमुख,जिल्ला प्राविधिक कार्यालय ,......................)**

**विषय: आयोजना जिन्सी श्रेस्ता हस्तान्तरण सम्बन्धी ।**

उपरोक्त विषयमा यस विभागको मिति:०७५।०६।२८ को परिपत्र तथा विभागको वेभसाइटमा प्रकाशित निर्देशन अनुरुप हालसम्म पनि गत आ.व०७४।०७५ को जिल्ला प्राविधिक कार्यालय अन्तर्गतका विभिन्न जिन्सी तथा आयोजनाका श्रेस्ताहरु हस्तान्तरण भएको जानकारी यस विभागमा प्राप्त नभएकोले पुन: ताकेता गरिएको छ । आ.व.०७४।०७५ मा तपाई जिल्ला प्राविधिक कार्यालयको प्रमुखको हैसियतले उक्त कार्यालयको उपरोक्त जिम्मेवारीहरु हस्तान्तरण गर्नु तपाईको जिम्मेवारी भएकोले जिन्सी सामानहरुको हिनामिना वा आयोजनाका संवेदनसील कागजपत्रहरु (ठेक्का पट्टा, सम्बन्धि फायल,बैंङ्क ग्यारेन्टी ,आदि ) को व्यवस्थापन प्रक्रिया निष्कृय हुन नदिन र नेपाल सरकारलाई हानी नोक्सानी हुने अवस्था सृजना हुन नदिन पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र हस्तान्तरण भएको लिखित विवरण यस विभागमा दिनुहोला ।

***पुनश्च:*** *महालेखा नियन्त्रक कार्यालयको मिति२०७५।०७।७ को पत्र बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति ०७५।०९।०४ को निर्णय बमोजिम तत्कालीन जिल्ला प्राविधिक कार्यालयको नाममा रहेको धरौटी खाता प्रदेश सरकार अन्तर्गतको सम्बन्धित पूर्वाधार विकास कार्यालयको नाममा सारिने भएकोले जि.प्रा.का. अन्तर्गतका आयोजनाहरुको श्रेस्ता पनि सोही अनुसार सम्बन्धित पूर्वाधार विकास कार्यालयहरुमा बुझाउनु हुन पनि अनुरोध छ ।*

**हिरालाल रेग्मी**
**उप-सचिव**

**बोधार्थ:**
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार,काठमाण्डौं ।
- आन्तरिक प्रशासन शाखा/योजना शाखा ।

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय ,सवै प्रदेश ।
श्री पूर्वाधार विकास निर्देशनालय सवै प्रदेश ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,सवै ।